# पनौती नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड : ३** **संख्या :८** **मिति : २०७६/१०/१२**

**भाग-२**

## पनौती नगरपालिकाको

### अटो रिक्सा संचालन तथा व्यवस्थापन कार्यविधि २०७६

प्रस्तावना,

पनौती नगरपालिका भित्र विना दर्ता संचालनमा रहेका र दर्ता हुन चाहाने अटो रिक्साहरुलाई ब्यवस्थित रुपले संचालन गर्न आवश्यक देखिएकोले सो को समुचित ब्यवस्थापनका लागि स्थानीय सरकार संचालन ऐन २०७५को दफा ११ उपदफा ४ ट तथा पनौती नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि पनौती नगरपालिका क्षेत्रभित्र अटो तथा ई. रिक्सा व्यवस्थापन निर्देशिका २०७६ मिति २०७६ माघ ५ गतेको कार्यपालिका वैठकवाट पारित गरि यो निर्देशिका लागु गरिएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ** : क) यस निर्देशिकाको नाम पनौती नगरपालिका क्षेत्रभित्र अटो तथा ई.रिक्सा व्यवस्थापन निर्देशिका २०७६ रहेको छ ।

ख) यो निर्देशिका पनौती नगरकार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

क) स्थानीय तह भन्नाले नेपालको संविधानको धारा ५६ को उपधारा ४ बमोजिम गठित नगरपालिका सम्झनुपर्छ।

ख) निर्देशिका भन्नाले पनौती नगरपालिका क्षेत्रभित्र अटो तथा ई.रिक्सा व्यवस्थापन कार्यविधि २०७६ सम्झनुपर्छ।

ग) नगरपालिका भन्नाले पनौती नगरपालिका बुझाँउछ।

घ) कार्यपालिका भन्नाले पनौती नगरकार्यपालिका सम्झनुपर्छ।

ङ) प्रमुख भन्नाले पनौती नगरपालिकाको प्रमुखलाई बुझाँउछ।

च) उपप्रमुख भन्नाले पनौती नगरपालिकाको उपप्रमुख बुझाँउछ।

छ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले पनौती नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई बुझाँउछ

ज) वडा अध्यक्ष भन्नाले पनौती नगरपालिकाको सम्वन्धित वडाको वडा अध्यक्षलाई बुझाँउछ।

झ) व्यवस्थापन समिति भन्नाले दफा ३ बमोजिम गठित समितिलाई बुझाँउछ।

ञ) सवारी साधन भन्नाले अटो तथा इ.रिक्सालाई सम्झनुपर्नेछ।

**३. अटो तथा इ.रिक्सा व्यवस्थापन समिति गठन :**

१) नगरपालिकाभित्र अटो तथा इ.रिक्सा संचालनलाई ब्यवस्थित गर्दै सर्व सुलभ र दुर्घटना रहित तवरबाट सेवा सूचारु एवं सुव्यवस्थित गर्न आवश्यक मार्गदर्शन गर्न नगरपालिकामा देहाय अनुसारको अटो तथा इ.रिक्सा व्यवस्थापन समिति रहनेछ।

क. नगरपालिका प्रमुख : अध्यक्ष

ख. नगरपालिका उप प्रमुख : सदस्य

ग. नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत : सदस्य

घ. नगर कार्यपालिका विषयगत समिति संयोजक : सदस्य

ङ. जिल्ला प्रशासन कार्यालय, अधिकृत (प्रतिनिधि): सदस्य

च. इलाका प्रहरी कार्यालय प्रमुख : सदस्य

छ. स्थानीय ट्राफिक प्रहरी कार्यालयका प्रमुख : सदस्य

ज. अटो व्यवसायी मध्ये न.पा.ले मनोनित गरेको १ जना व्यवसायी : सदस्य

झ. यातायात कार्यालय, अधिकृत (प्रतिनिधि) : सदस्य

ञ. प्राविधिक शाखा प्रमुख : सदस्य

त. सामान्य प्रशासन महाशाखा प्रमुख : सदस्य सचिव

२) दफा ३(१) ज बमोजिमको सदस्य कार्यपालिकाले तोके बमोजिमको समयसम्म पदमा बहाल रहनेछ ।

३) दफा ३ वमोजिम गठित समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । बैठक अध्यक्षको आदेशले सदस्य सचिवले बोलाउनेछन् ।

**४. अटो तथा इ.रिक्सा समितिको काम,कर्तव्य र अधिकार :**

क) नगरपालिका भित्र अटो तथा इ.रिक्सा संचालनलाई व्यवस्थित गर्न आवश्यक मार्गदर्शन प्रदान गर्ने,

ख) अटो तथा इ.रिक्साको पार्किगंस्थल तोक्ने,

ग) अटो तथा इ.रिक्साको स्थान अनुसारको भाडा दर निर्धारण गर्ने,

घ) सेवा क्षेत्र निर्धारण तथा क्लष्टर अनुसार अटो तथा इ.रिक्साको संख्या तोक्ने,

ङ) नगरपालिकाको आवश्यकता अनुसारको अटो तथा इ.रिक्साको संख्या तोक्ने,

च) अटो तथा इ.रिक्साको ब्यवस्थापन एवं यात्रुहरु बीच भएको विवादको समाधान गर्न आवश्यक सहजीकरण गर्ने ,

**५. दर्ता, नवीकरण र खारेजी :**

१) प्रत्येक अटो तथा इ.रिक्सा सवारी ऐन,नियम वमोजिम यातायात कार्यालयमा नियमानुसार दर्ता एवं नविकरण भै नगरपालिकामा वार्षिक रुपमा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६४(१)क बमोजिम नगरपालिकाले तोकेको वार्षिक सवारी कर तोकिएको म्यादभित्र अनिवार्य बुझाई नगरपालिकामा अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिई दर्ता गर्नुपर्नेछ ।

**६.अटो तथा इ.रिक्सा दर्ता गर्न पेश गर्नुपर्ने कागजातहरु :**

१) नगरपालिकावाट तोकिएको ढाँचामा निवेदन ,

२) प्रदुषण मापदण्डभित्र परेको प्रमाणित कागज,

३) सक्कल भन्सार प्रज्ञापन पत्र,भन्सार महसुल तिरेको रसीद,

४) फर्म वा कम्पनीमा दर्ता भएको प्रमाणपत्र,

५) आयकर दर्ताको प्रमाणपत्र/ करचुक्ता भए सो को प्रमाणपत्रको प्रतिलिपी/मूल्य अभिवृद्धि कर दर्ताको प्रतिलिपी,

६) सवारी साधनको इन्जिन,च्यासिसको फोटो,

७) सवारी साधन कार्यालयमा ल्याई चेक जाँच गराउनुपर्ने,

८) बिमाको कागज,

९) सवारी कर ,आयकर तिरेको रसीद,

१०)वित्तिय संस्थावाट ऋण लगानी भै दर्ता हुनेहरुको हकमा वित्तिय संस्थाको दर्ता प्रमाणपत्र,आयकर प्रमाणपत्र, कर चुक्ता र ब्यक्ति भए नागरिकताको प्रमाणपत्र,

११)सवारी धनी स्वयं उपस्थित हुनुपर्नेछ ,

**७.** नगरपालिकामा दर्ता भै सञ्चालनमा आएका अटोरिक्सा तथा इ.रिक्साले वार्षिक रुपमा नगरपालिकामा तोकेको कर बुझाई नविकरण गर्नुपर्नेछ । यसरी नविकरण गर्दा देहाय बमोजिमका कागजात पेश गर्नुपर्नेछ ।

क) नगरपालिकाले तोकेको ढाँचाको निवेदन,

ख) प्रदुषण मापदण्डभित्र परेको प्रमाणित कागजात,

ग) दर्ता गर्दा वा अघिल्लो आ.व.मा नविकरण गर्दा बुझाएको सवारी करको रसिदको प्रतिलिपी,

घ) विमाको कागजातको प्रतिलिपी,

ङ) सवारी चालकको सवारी चालक अनुमतिपत्रको प्रतिलिपी,

च) सवारी धनी स्वयं उपस्थित हुनुपर्ने ,काबु बाहिरको परिस्थिती परि उपस्थित हुन नसकेमा निजले मञ्जुरीनामा दिएको ब्यक्ति उपस्थित हुनुपर्ने,

**८.** नगरपालिकाले माथिका दफाहरुमा भएको व्यवस्था बमोजिम अटो तथा इ.रिक्साको सुचिकरण गरि अनुसूची २ बमोजिमको ढाँचामा प्रमाणपत्र दिइनेछ ।

**९. रुट निर्धारण** :

नगरपालिकाभित्र निम्नानुसारका स्थानका लागि तल तोकिए बमोजिमको सेक्टरमा पार्किग हुनेगरि उल्लेखित संख्यामा अटो तथा इ.रिक्सा सेवा प्रदान गर्नेगरि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ उपदफा(४)ट बमोजिमको रुट

प्रत्येक सवारी साधनका लागि चौमासिक रुपमा नगरपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिमको रुट निर्धारण शुल्क लिई रुट निर्धारण पत्र जारी गर्नेछ। रुट निर्धारण पत्र प्रत्येक सवारी साधनले अनिवार्य रुपमा बोक्नुपर्नेछ।

१) रुट निर्धारण

| सि.नं. | राख्ने स्थानको नाम | सवारी साधन संख्या | क्लष्टर | रुट |
|---|---|---|---|---|
| १ | | | १ | |
| २ | | | १ | |
| ३ | | | १ | |
| ४ | | | १ | |

२) माथि उल्लेख भएका स्थान एवं क्लष्टरमा सवारी साधन थपघट गर्नुपरेमा दफा ३ बमोजिम गठित समितिले निर्णय गरे अनुसार हुनेछ।

**१०. सवारी चालकले पालना गर्नुपर्ने नियमहरु :**

१) प्रत्येक सवारी चालकले निम्नानुसारको नियम अनिवार्य रुपमा पालना गर्नुपर्नेछ।

क. सवारी चालक अनुमति पत्र,सवारी दर्ता किताव,बाटो इजाजतपत्र साथमा लिई मात्र सवारी साधन चलाउनुपर्नेछ।

ख. विमा,नविकरण गरेको प्रमाणपत्र साथमा लिई  सवारी चलाउनुपर्नेछ।

ग. अटो रिक्साको यान्त्रिक अवस्था ठिक भए नभएको चेकजाँच गरेर मात्र सवारी साधन चलाउनुपर्नेछ।

घ. तोकिएको भन्दा बढी भार क्षमता र गतिमा सवारी साधन चलाउन पाइनेछैन्।

ङ. सवारी साधन चलाउँदा मोवाइल फोनको प्रयोग र ठूलो आवाजमा गीत संगित बजाएर सवारी साधन चलाउन पाइने छैन्। सडकमा ध्यान केन्द्रित गरेर सुरक्षित साथ सवारी साधन चलाउनु पर्नेछ।

च. लेन अनुशासनको पालना गर्नुपर्नेछ।

छ. अटोरिक्साको अगाडीको भाग चालकको दाँयावाँया यात्रु तथा मालसामान राख्न पाइनेछैन्।

ज. सवारी साधनको बाहिरी भागमा यात्रु राख्न र सामान झुण्याउन पाईनेछैन ।

झ. सामाजिक सद्भाव र सडक सुरक्षामा ध्यान दिंदै यात्रुमैत्री व्यवहार गर्नुपर्नेछ साथै अशक्त,वृद्धवृद्धा तथा वालवालिकालाई विशेष ध्यान पुऱ्याउनुपर्नेछ ।

ञ. सडकमा जथाभावी सवारी साधन रोक्ने,पार्किग गर्ने आदि कार्य गर्न पाइनेछैन । होशियारीपूर्वक सवारी साधन चलाउनुपर्नेछ ।

ट. मादक पदार्थ तथा लागुऔषध सेवन गरी सवारी साधन चलाउन पाइनेछैन । साथै प्रतिवन्धित मालसामान तथा चिजवस्तु ओसारपसार गर्न समेत पाइनेछैन ।

ठ. सवारी साधन पूर्ण रुपमा रोकिएको अवस्थामा मात्र यात्रु ओराल्ने र चढाउने गर्नुपर्नेछ ।

ड. रातीको समयमा यात्रा गर्दा लाइटको सहि सदुपयोग गर्नुपर्नेछ ।

ढ. आफुखुशी सवारी साधनको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

ण. सवारी दुर्घटना,सवारी आवागमन अवरोध,ट्राफिक समस्या तथा गुनासो भए तत्काल ट्राफिक प्रहरी कार्यालय र नगर कार्यपालिका कार्यालयमा जानकारी गराउनुपर्नेछ ।

त. अटो रिक्साको अगाडी रुट नं. र स्थान देखिने गरी प्रष्ट राख्नुपर्नेछ ।

थ. माथि उल्लेखित बाहेक अन्य कुराहरु प्रचलित नेपाली कानूनमा ब्यवस्था भए बमोजिम सवारी चालकले पालना गर्नुपर्नेछ ।

**११. यात्रु सुरक्षा :** यात्रुको सुरक्षाको लागि प्रत्येक सवारी साधनमा निम्नानुसारका नियमहरु पालना गर्नु गराउनु पर्नेछ ।

१) अटोरिक्साको दाहिने तर्फवाट यात्रु चढ्ने र झर्ने गर्न नमिल्ने बनाउनु पर्नेछ ।

२) स्थान अनुसारको भाडादर उल्लेख गरि सवारी साधनमा सबैले देख्ने गरि टाँस गर्नु पर्नेछ ।

३) यात्रुहरुले यात्राको समयमा जथाभावि फोहोर नफाल्ने ब्यवस्था मिलाउनु पर्दछ ।

४) माथि उल्लेख भएका बाहेक प्रचलित सवारी ऐन तथा कानून बमोजिम यात्रुको सुरक्षा सम्बन्धि व्यवस्था मिलाउनुपर्नेछ ।

**१२. विमा सम्बन्धि व्यवस्था** :

१) सवारी धनी वा व्यवस्थापकलाई विमा बापतको रसिद काटेको आधारमा मात्र नगरि अनिवार्य रुपमा सम्बन्धित विमा कम्पनीसँग सो रकम बरावरको वीमा पोलिसी वा प्रमाणपत्र लिनुपर्ने अन्यथा दुर्घटना वापतको क्षतिपूर्ति नपाइने व्यहोराको जानकारी दिनुपर्नेछ ।कार्यालयमा विमा पोलिसी कागजात पेश नगरेमा कार्यालयबाट सम्पादन हुने सवारी सम्बन्धि कुनैपनि सेवाहरु प्रदान गरिने छैन ।

२) प्रत्येक सवारीले ऐन र नियमावलीले तोके बमोजिमका दुर्घटना विमा,मजदुर विमा,तेस्रो पक्ष विमा आदि विमाहरु गरेको हुनुपर्नेछ ।

३) बाटो इजाजत जारी वा नविकरण गर्दा उक्त सवारीको सम्बन्धित अभिलेखमा वीमाको नाम र बहाल अवधी जनाउनुपर्नेछ ।

**१३. जरिवाना सम्बन्धि व्यवस्था** : १) सवारी दर्ता अनुमति नलिई, स्विकृत नलिई (रंग, सिटको स्वरुप, इन्जिन, च्यासिस) आवगमनमा वाधा पुऱ्याएमा १ हजारदेखि ५ हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

२) तपसिल बमोजिम कसुर गर्नेलाई तत्काल ट्राफिक प्रहरीले नियमानुसार जरिवाना गर्नेछ । सो रकम तत्काल बुझाउन नसक्नेलाई २४ घण्टाभित्र सम्बन्धित नगरपालिकाको कार्यालयभित्र पठाउनुपर्नेछ । र न.पा.ले कसुर खुलाई ट्राफिक प्रहरीको सिफारिशको आधारमा पहिलो पटक रु १५००।,दोस्रो पटक रु.२५००। तेस्रो पटक रु.३०००। र त्यसपछि पटक्कै पिच्छे दोव्वर जरिवाना गरि सचेत गराउन सक्नेछ ।

क. ट्राफिक संकेत वा इशारा उल्लंघन गरी चलाएमा।

ख. पार्किंग निषेध गरिएको ठाँउ वा समयमा पार्किग गरेमा ।

ग. सवारी मोड्न वा ध्वनि संकेत निषेध गरेको ठाँउमा मोडेमा वा ध्वनि संकेत गरेमा

घ. गलत साइडतर्फ सवारी साधन चलाएमा,

ङ. एकतर्फी सडकमा सो विपरित सवारी साधन चलाएमा,

च. अवस्था ठीक नभएको सवारी साधन चलाएमा,

छ. निर्धारित भन्दा वढी गतिमा सवारी साधन चलाएमा,

ज. राती बत्ति नबालि सवारी साधन चलाएमा,

झ. मादक पदार्थ सेवन गरि सवारी साधन चलाएमा,

ञ. नम्बर प्लेट नराखी चलाएमा,

ट. निर्धारित सीट भन्दा वेशी यात्रु राखी चलाएमा,

ठ. सार्वजनिक सवारीको चालकले यात्रु लिन इन्कार गरेमा,

ड. निर्धारित भाडादर भन्दा वढी भाडा असुलेमा,

ढ. लापरवाही साथ सवारी साधन चलाएमा,

ण. बाटो इजाजतपत्र नलिई सवारी चलाएमा,

त. चालक अनुमतिपत्र साथमा नलिई चलाएमा,

थ. प्रचलित कानूनमा उल्लेख भएका अन्य व्यवस्थाहरुको उल्लंघन भएमा ,

**१४.जाँचपास सम्बन्धी व्यवस्था** : यस सवारी साधनको जाँचपास सम्बन्धि व्यवस्था प्रचलित कानूनमा भए बमोजिम हुनेछ ।

**१५.भाडा दर** : १) नगरपालिका क्षेत्रभित्र संचालन हुने सवारी साधनको भाडादर दफा ३ अनुरुप गठित समितिले निर्धारण गरेबमोजिम हुनेछ

२) भाडादर समयानुकुल परिवर्तन गर्नुपर्ने भएमा दफा ३ अनुरुप गठित समितिले परिवर्तन गर्न सक्नेछ ।

३)तोकिएको भाडादर भन्दा वढी असुल गरेको पाइएमा माथि दफा १३ मा तोकिए बमोजिम दण्ड सजाय तथा जरिवाना नगरपालिकाले तोके बमोजिम हुनेछ ।

**१६. पटके कर सम्बन्धि व्यवस्था** : नगरपालिकाले प्रदान गरेको रुट परमिट भन्दा अन्य ठाँउमा सवारी चलाउनुपर्ने भएमा समितिले निर्धारण गरे बमोजिम पटके कर तिर्नुपर्नेछ ।

**१७. सम्पर्क एकाइ गठन गर्ने :** १) यस निर्देशिकामा भएको व्यवस्था नगरपालिकाको तर्फवाट कार्यान्वयन गर्न, अभिलेख व्यवस्थापन र समन्वय गर्न नगरपालिका अन्तर्गत एउटा इकाई खडा गरिनेछ।

२) उपदफा १ वमोजिम इकाई खडा नहुँदासम्मको लागि नगरपालिकाले कुनै कर्मचारीलाई सो कार्य गर्न जिम्मेवारी दिन सक्नेछ।

३) टेम्पो तथा अटोरिक्सा दर्ता,नविकरण गर्नको लागि दर्ता अधिकारीको रुपमा सामान्य प्रशासन महाशाखा प्रमुखलाई तोकिएको छ।

४) यस दफा बमोजिम खटिने कर्मचारीलाई कार्यालय समयभन्दा वढी कार्य गर्नुपर्दा अतिरिक्त सुविधा उपलब्ध गराइनेछ । यसको व्यवस्था नगरपालिकाको आर्थिक नियमावलीमा ब्यवस्था भए बमोजिम हुनेछ।

**१८. अनुगमन** : १) ट्राफिक प्रहरी र नगरपालिकाले उल्लेखित कार्यविधि बमोजिम अटो रिक्सा संचालन भए नभएको अनुगमन गर्नुपर्नेछ।

**१९. विविध** : १) यस कार्यविधिमा उल्लेख नभएका विषयहरुमा सवारी तथा यातायात व्यवस्था ऐन नियम तथा अन्य प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

२) यस कार्यविधिलाई आवश्यकतानुसार नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ।

धनौती नगरपालिका, २०७३

## अनूसुची १

दफा ५ सँग सम्बन्धित

## टेम्पो तथा अटोरिक्सा सुचिकरण गर्नको लागि निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
पनौती नगरपालिका,
काभ्रेपलाञ्चोक

विषय : **टेम्पो /अटोरिक्सा सूचिकृत गरि पाँउ ।**

उपरोक्त सम्बन्धमा मेरो/हाम्रो नाममा रहेको निम्नानुसारको सवारी साधन त्यस नगरपालिका क्षेत्र भित्र संचालन गर्न देहायका विवरण संलग्न गरि रु...........को राजश्व दाखिला भौचरको प्रतिलिपी संलग्न गरि पेश गरेको छु ।

**तपसिल**

१.सवारी धनीको नाम :

२. सवारी साधन नम्बर :

३. इन्जिन नम्बर :

४. चेसिस नम्बर :

**संलग्न कागजातहरु :**

क. सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपी

ख. सवारी चालक प्रमाणपत्रको प्रतिलिपी

ग. प्रदुषण मापदण्ड भित्र परेको प्रमाणित गरिदिएको पत्र

घ. सक्कल भन्सार प्रज्ञापन पत्र/भन्सार महशुल तिरेको रसिदको प्रतिलिपी

ङ. फर्म वा कम्पनी भए दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी

च. आयकर दर्ताको प्रमाणपत्रको प्रतिलिपी/करचुक्ता प्रमाणपत्रको प्रतिलिपी /VAT दर्ता प्रमाणपत्रको प्रतिलिपी

छ. सवारी साधन कार्यालयमा ल्याई चेकजाँच गराउनुपर्ने

ज. विमाको कागजातको प्रतिलिपी

झ. वित्तिय संस्थावाट ऋण लगानी भै दर्ता हुनेहरुको हकमा वित्तिय संस्थाको दर्ता प्रमाणपत्र, आयकरको करचुक्ता र व्यक्ति भए नागरिकताको प्रतिलिपी

ञ. सवारीधनी स्वयं उपस्थित हुनुपर्ने, स्वयं उपस्थित हुन नसक्ने भएमा सवारी धनीले मञ्जुरीनामा दिएको पत्र ।

निवेदकको दस्तखत :

नाम थर :

सम्पर्क नम्वर :

मिति :

**अनूसूची २**

**दफा ८ संग सम्बन्धित**

**रुट परमिटको किताबको ढाँचा**

पनौती नगरपालिका

काभ्रे

रुट परमिट इजाजत पत्र

सवारी दर्ता नं.
सवारी धनीको नाम :
वतन :

सवारी धनीको हस्ताक्षर:

दर्ता गर्ने अधिकारीको हस्ताक्षर :

| **सवारी साधनको विस्तृत विवरण** |
|---|
| १. कम्पनीको नाम : |
| २. सवारीको मोडल : |
| ३. बनेको मिति : |
| ४. सिलिण्डर संख्या : |
| ५. हर्ष पावर / सिसि : |
| ६. च्यासिस नम्बर : |
| ७. इन्जिन नम्बर : |
| ८. सवारीको रंग : |
| ९. चालक सहित सीट क्षमता : |
| १०. पेट्रोल/डिजेल : |
| ११. रेडियो छ छैन : |
| १२. खरिद भै आएको मानिस वा कम्पनी : |
| १३. प्रयोग : |
| १४. चलाउने रुट : |
| १५. भन्सार निस्सा : |

| इजाजत पत्र पाएको क्षेत्र (रुट) | बहाल अवधि | | इजाजत पत्र दिने अधिकारीको दस्तखत र मिति |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

**आज्ञाले**
**हरी प्रसाद चापागाई**
**प्रमुख प्रशासकीय अधिकृत**

**प्रमाणीकरण मिति : २०७६/१०/०९**

*सर्वाधिकार : पनौती नगरपालिका* *मुद्रित : ३०० प्रति* *मुद्रण : न्यू पनौती प्रिन्टिङ प्रेस*